
# स्याङ्जा जिल्लाको मनकामना, चित्रेभञ्ज्याङ र किचनास घटनाको स्थलगत अध्ययन प्रतिवेदन



**प्रतिवेदन सार्वजनिक भएको मिति : ०६२ माघ २४ गते**
**ललितपुर**

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

## स्थलगत अध्ययन टोलीका सदस्यहरूको नामावली

१. बद्रीप्रसाद शिवाकोटी, हिमराइट्स, लाइफलाइन, काठमाडौं

२. बाबुराम विश्वकर्मा, इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौं

३. अर्जुन बगाले, दलित गैर सरकारी संस्था महासंघ, काठमाडौं

४. टंक खनाल, इन्सेक जिल्ला प्रतिनिधि, कास्की

**घटना भएको अवधिः** ०६२ पुस २८ गतेदेखि माघ १ गतेसम्म

**अध्ययन गरिएको स्थानः** स्याङजाको मनकामना, चित्रेभञ्जाङ, किचनास, चिन्नेबास र तनहुँको अरुणोदय

**अध्ययन गरिएको अवधि :** २०६२ माघ १५ देखि १९ गतेसम्म

# प्राक्कथन

सुरक्षाफौज र माओवादीबीच देशका विभिन्न भागमा हुने गरेका भिडन्तहरूमा युद्धरत् पक्षहरुको मात्र क्षति भएको छैन । त्यस्ता दोहोरो भिडन्तको मारमा स्थानीय निर्दोष जनता पनि पर्ने गरेका छन् । स्याङ्गजा र तनहुँमा भर्खरै भएका भिडन्तबाट पनि यही कुराको पुष्टी भएको छ । सुरक्षाफौज र माओवादीबीच स्याङ्गजाको मनकामना, चिन्नेबास र तनहुँको अरुणोदय गाविसमा ०६२ पुस २८ र २९ गते भएका भिडन्तमा मानवअधिकार, मानवीय कानून र नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेका आधारभूत नागरिक हकहरूको अवस्थाको स्थलगत अध्ययन अनुगमन गरी प्रतिवेदन समेत तयार गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोली त्यसतर्फ गएको थियो ।

यस प्रतिवेदनमा उल्लेखित क्षेत्रमा युद्धरत पक्षहरुबाट भएका मानवअधिकार अधिकार उल्लंघनका विवरणलाई सत्यतथ्य ढंगले निष्पक्ष भएर वैज्ञानिक रुपमा अभिलेखीकरण गरिएको छ । यी तथ्यहरुलाई मानवअधिकारको रक्षामा सहयोग पुऱ्याउने ध्येयले विश्वव्यापी रुपमा सम्प्रेषण गरी मानवअधिकार समुदायसमक्ष पुऱ्याउने ध्येय राखिएको छ । घटनामा दोषी देखिएकाहरूलाई कानुनी रुपमा दण्डको भागिदार बनाउने र पीडितलाई क्षतिपूर्ति दिलाउन सबै क्षेत्रबाट निरन्तर प्रयत्न हुनु पर्ने देखिएको छ । अन्यथा युद्धको बहानामा जनताका आधारभूत अधिकार कुण्ठित हुँदै जाने र मानवअधिकार उल्लंघनको घटना बढ्दै जाने निश्चित छ ।

यो प्रतिवेदनमा प्ररस्तुत गरिएका स्याङ्गजाका घटनामा राज्यले माओवादीलाई गम्भीर क्षति पुऱ्याएको दावी गरेको छ । तर, राज्यले आफ्नोतर्फबाट निर्दोष नागरिकका अधिकारहरू उल्लंघन भए वा भएनन् भनेर पुनरावलोकन गरेको छैन, राज्यका तर्फबाट मानवीय क्षतिका दृष्टिले घटनाको वैज्ञानिक लेखाजोखा गरिएको छैन । घटनाका बारेमा स्याङ्गजाका प्रहरी नायब उपरीक्षक तुलसीप्रसाद अधिकारी युद्धमा मानवअधिकार थोर बहुत त उल्लंघन भइहाल्छ भन्ने धारणा टोलीका सामु व्यक्त गर्नुभयो ।

# कार्यकारी सारांश

स्याङ्जाको मनकामना गाविस-१ र २, किचानास गाविस-६ र तनहुँको अरुणोदय गाविस-२ को आम्बोटेमा सेना र माओवादीबीच ०६२ पुस २८ र २९ गते दोहोरो भिडन्त भएको थियो । उल्लेखित तीन स्थानमा भएका भिडन्तमध्ये मनकामना-१ मा सुरक्षाकर्मीका तर्फबाट चलाइएको गोली लागी स्थानीय सर्वसाधारण रेलबहादुर गुरुङको पुस २९ घटनास्थलमा मृत्यु भयो । सेनाको यातनाका कारण सोही स्थानका अर्का सर्वसाधारण प्रीतमबहादुर गुरुङको माघ १६ गते मृत्यु भयो ।

भिडन्त सकिएपछि सेनाले मनकामनाका महिला, बालबालिका सहित २८ जनालाई मनकामना मन्दिर नजिकको चिहानडाँडामा बनाइएको बंकरमा भेला पारेर पुस २९ गते रातभरी मानसिक तथा शारीरिक यातना दिइएको थियो । त्यहाँ जम्मा गरिएका स्थानीय बासिन्दामध्ये मनकामना गाविस-१ र २ का ९ जना सर्वसाधारण नागरिकलाई माओवादी भएको र माओवादीलाई सघाएको आशंकामा सेनाले कुटपिट गरेको र मानसिक यातना दिएको थियो । चिहानडाँडामा राखिएकाहरूलाई माघ १ गते अपरान्ह तीन बजे छाडिएको थियो । सेना र माओवादीबीचको भिडन्तको क्रममा त्यस ठाउँका २५ घर दोहोरो फायरिङमा परेर क्षतिग्रस्त भएका छन् ।

माओवादी र सुरक्षाफौजबीचको भिडन्तका क्रममा सेनाको गोलीबाट मनकामना-२ का एउटा भैंसी, एउटा पाडो र ५ बाखा मारिए । भिडन्तका क्रममा एउटा बाच्छो र एउटा भैंसी गोली लागेर घाइते भए । यसरी उल्लेखित भिडन्तमा सर्वसाधारणको बसोबासको स्थानलाई युद्धरत दुवै पक्षले युद्धस्थल बनाएर युद्धप्रति कुनै सरोकार नभएका निर्दोषहरुलाई युद्धको मारमा पारेको पाइयो ।

सेनाले गस्तीका क्रममा माओवादी भएको र उनीहरूलाई सघाएको आरोपमा चिन्नेबासका दुई जना, चित्रेभञ्ज्याङ्गका दुई जना र अरुणोदय गाविस-२ अम्बोटेका एक जनालाई माघ ३ गते र माघ १ गते कुटपिट गर्‍यो । ती मध्ये केहीलाई हाल तारेखमा छोडिएको छ ।

भिडन्त सकिएपछि माघ २ गते घाइते अवस्थामा फेला परेकी माओवादी कार्यकर्ता सिर्जना शाहीलाई सेनाले त्यही दिन मग्याम चिसापानी गाविस-३ बाट गिरफ्तार गरी बेपत्ता पारेको छ ।

सेनाले भिडन्त सकिएपछि ती इलाकाबाट माओवादी परिवार र सर्वसाधारणहरूको घरबाट खाद्यान्न र अन्य भौतिक सम्पत्ति जफत गरेको थियो । माओवादीको सामान हुन सक्ने र माओवादीले प्रयोग गर्न सक्ने आशंकामा सेनाले त्यसरी सम्पत्ति जफत गरेको जनाएको छ । जफत गरिएकामध्ये केही सामान फिर्ता गरिएको बुझिएको छ भने अधिकांशको सम्पत्ति फर्काइएको छैन् । ती क्षेत्रका भिडन्तमा जम्मा १८ जना माओवादी मारिएको पुष्टी भएको छ । माओवादीले ६ जना घाइते मनकामनाबाट बोकेर लगेको स्वीकार गरेका छन् । त्यसरी लगिएका घाइतेहरू बाटामा मरेको र लासलाई माओवादीले चिन्नेबासको बनमा गाडेको स्थानीय बासिन्दाले बताए । तर स्थानीय बासिन्दाको भनाइको पुष्टी हुन सकेन ।

सेनाले आधिकारिक रुपमा आफ्नो एक जना जवान मारिएको र ६ जना घाइते भएको जनाएको छ । तर स्थानीय बासिन्दाहरूले भने दुई जना सेना मारिएको दावी गरेका छन् । भिडन्त सकिएपछि त्यसक्षेत्रमा व्यापकरुपमा सुरक्षाफौजको परिचालन गरिएको छ स्थानीय जनजीवन भयग्रस्त अवस्थामा रहेको छ ।

# Summary

Encounters at Manakamana VDC 1 and 2 and Kichanas VDC-6, of Syangja District and Ambote, Arunodaya VDC-2 of Tanahun District, between Maoists and security forces on January 12 and 13 claimed lives of 22 citizens including 2 civilians, 2 security persons and 18 Maoists.

Rel Bahadur Gurung, a civilian, was shot dead by the security forces in the crossfire at Manakamana VDC-1 on 13 January. Pritam Bahadur Gurung, another civilian of the same place also died on 29 January due to torture by the army.

When the clash was over, the army held 28 locals including women and children in a bunker made at Chihandanda near Manakamana Temple, inflicting physical and mental torture the whole night of 13 January. Nine locals of Manakamana VDC 1 and 2 were assaulted and tortured by the army on suspicion of supporting or being the Maoists. They were released on 14 January, afternoon. A total of 25 private houses were damaged in the crossfire.

Both the conflicting parties were found responsible for utilizing the civilian settlement as battle field neglecting the humanitarian laws.

The army while searching the area has assaulted two persons of Chinnebas, two of Chitre Bhanjyang and two of Ambote, Arunodaya VDC-2, on 14 and 16$^{th}$ January. Some of them are released on date.

The security persons arrested Sirjana Shahi, a Maoist cadre from Magyam Chisapani VDC-3 on 15 January. Her whereabouts is still unknown.

The security forces have seized food stuffs and other properties from the houses of Maoists' family members and civilians as well. The security forces have returned some of the seized properties and some are yet to be returned.

It has been confirmed that 18 Maoists have died and six injured in the crossfire were carried away by the Maoists.

RNA has stated that one army man had died and six injured. However, the locals claim the death of two army men in the incident. Army has been mobilized extensively in that area after the encounter.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC**
**6 February 2006**

# घटनाको विस्तृत विवरण

## सुरक्षाफौजबाट सर्वसाधारण मारिए

स्याङजाको सदरमुकामबाट ५० किलोमिटर उत्तर-पश्चिममा रहेको मनकामना गाविस- १ र २ मा सेना र माओवादीबीच ०६२ पुस २९ गते भिडन्त भयो । अपरान्ह ३:३० बजे सेनाको हेलिकप्टर मनकामना गाविस-१ स्थित तीलबहादुर गुरुङ्गको बारीमा बसेपछि माओवादी र सेनाबीच दोहोरो फायरिङ शुरु भएको थियो । भिडन्तका क्रममा माघे संक्रान्ती मनाउन मनकामना गाविस-२ को सपौंदेमा भैंसी काटिरहेका सोही ठाउँका बासिन्दा भूतपूर्व भारतीय सैनिक ६० वर्षीय रेलबहादुर गुरुङ्गलाई सेनाको गोली लाग्यो । उनको ढाडमा गोली लागी आन्द्राभुँडी अगाडि निक्लिएको कुरा लासलाई नजिकबाट देख्ने स्थानीय हेमराज गुरुङले बताए ।

गोली लागेको करिब पाँच मिनेटमा रेलबहादुरको निधन भयो । सेनाले स्थानीय बासिन्दालाई आफ्नो हाकिम आएपछि मात्र लास उठाउन भनेका कारण माघ २ गते मात्र उनको लासको मुचुल्का उठाएर परिवारको जिम्मा लागाइएको थियो । तर लासको पोस्टमार्टम भने गरिएन । गुरुङ्ग परम्परा अनुसार रेलबहादुरको ०६२ माघ ३ गते साँझ अन्तिम दाहसंस्कार गरिएको थियो । भारतीय सेनामा लामो समय बिताएर गाउँमा बस्दै आएका रेलबहादुर नेपाली काँग्रेस सर्मथक भएको बताइएको छ ।

आर्थिक अवस्था अत्यन्तै कमजोर रहेका मृतक गुरुङका ६० वर्षीय पत्नी, दुई छोरा र दुई छोरी छन् । दुई छोरामध्ये जेठो लेसबहादुर गुरुङ्ग दुवइमा रोजगारी गर्दैछन् । रेलबहादुरको परिवारलाई सेनाको घुम्ती शिविरले माघ ५ गते राहतस्वरुप २ हजार रुपैंया नगद, कम्मल तथा केही कपडा उपलब्ध गराएको छ । उनलाई थप क्षतिपूर्ति उपलब्ध गराउनका लागि आवश्यक सिफारिश गरिसकिएको स्याङजाका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद अधिकारीद्वारा जानकारी दिइयो ।


मृतक प्रीतमबहादुर गुरुङ्ग

मनकामना गाविसमा पुस २९ गते भएको भिडन्तपछि साँझ ८ बजे शाही सेनाले सो गाविस- १ र २ का स्थानीय बासिन्दालाई मनकामना मन्दिरको चिहानडाँडामा बनाइएको बंकरमा जम्मा गरेर रातभरी राखी शारीरिक यातना दिएको थियो । सोही क्रममा मनकामना -२ का ६९ वर्षीय प्रीतमबहादुर गुरुङ्गलाई मनकामना-१ को गहतेमा गएका बेला मनकामनाको चिहान डाँडामा लगेर कुटपिट गरे । चिसो खाल्डोमा राखेर माघ १ गते अपरान्ह ३ बजे मात्र छाडेको थियो । उनी भैंसीको मासु लिन गएका थिए । लामो समयदेखि दमको रोगबाट पीडित गुरुङ्गलाई सेनाको कुटाइबाट गम्भीर बिरामी परेपछि स्थानीय जनता र उनका छोरा गोविन्दसिंह गुरुङ्गले उपचारका लागि माघ १२ गते गण्डकी अञ्चल अस्पताल पोखरामा पुऱ्याए । उनको उपचार हुन नसकेपछि चिकित्सकको परामर्श अनुसार उनलाई माघ १५ गते घर फर्काइएको थियो । यातनाको असर बढ्दै गएपछि उनको माघ १६ गते निधन भएको छ ।

## सेनाद्वारा मारिएका सर्वसाधारण

| क्र.सं. | नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १. | रेलबहादुर गुरुङ्ग | ६० | मनकामना गाविस- २ |
| २. | प्रीतमबहादुर गुरुङ्ग | ६९ | मनकामना गाविस- २ |

## सेनाको कुटाइमा जनसाधारण

मनकामना गाविसमा माओवादी छापामारसँग भएको भिडन्त सकिएपछि सेनाले मनकामना-१ र २ का २० वर्षीय कुशमाया गुरुङ, कौमती गुरुङ सहित ४ जना महिला तथा दुई जना बच्चा गरी जम्मा २८ जना सर्वसाधारणलाई आफ्नो बंड्कर रहेको मनकामना गाविसस्थित चिहानडाँडामा जवर्जस्ती लगेर रातभरी चिसोमा राखेर यातना दिएको

थियो । रातभरी बंकरमा राखेर यातना दिइएका मनकामना गाविस-१ का जीवनज्योती माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत १६ वर्षीय जौउबहादुर गुरुङ केही समय बिरामी परेका थिए । कम्ब्याट खोलेर आइस, तँ माओवादी होस् भन्दै सेनाले कुटेको पीडितले बताए । उनीसँगै सोही स्थानका १८ वर्षीय यमबहादुर गुरुङलाई पछाडि हात बाँधेर कुटेका, २७ वर्षीय फलराज गुरुङ, २८ वर्षीय तिलबहादुर गुरुङलाई पनि रातभरी चिसो खाल्डोमा राखेर कुटपिट गरेको प्रत्यक्षदर्शीहरूले बताए । मनकामना-१ का २१ वर्षीय यमबहादुर विश्वकर्मालाई सेनाले बन्दुकको कुन्दाले हिर्काएका कारण उनको टाउको फुटेको र शरीरका विभिन्न भागमा चोट लागेको छ ।



**सेनाद्वारा कुटपिट गरिएका स्थानीय युवा**

मनकामना-१ का ६७ वर्षीय राजवीर गुरुङलाई सेनाले मुखमुखै लागेको भन्दै कुटपिट गर्दा उनको टाउकोमा चोट लागेको छ । उनी मनकामना मन्दिरका पुजारी हुन् ।

भिडन्तको बेला वडा नम्बर १ स्थित गंगाबहादुर गुरुङको घरमा रहेका सोही स्थानका २९ वर्षीय ओम गुरुङ र जीवनज्योती माध्यमिक विद्यालयमा अध्ययनरत छात्र १७ वर्षीय हस्तबहादुर गुरुङलाई सुरक्षाकर्मीले बुट र मुक्काले हानेका थिए । त्यसैगरी स्थानीय डम्बरबहादुर गुरुङलाई पनि सेनाले पिटेको छ । सेना र माओवादीबीचको भिडन्तका क्रममा छर्रा लागेर मनकामना- १ का ५० वर्षीय यमबहादुर गुरुङ घाइते भए । पीडित र उनकी पत्नीले आफूहरू माओवादी होइन भन्दा भन्दै सेनातर्फबाट गोली प्रहार गरिएको पीडितहरुले बताए । गोली नलागेका कारण आफूहरू बाँच्न सफल भएको पीडितले बताए ।

चिन्नेबास- ८ का २३ वर्षीय राजेन्द्र कुँवरलाई २०६२ माघ ३ गते १२ जनाको सेनाको टोलीले घर खानतलासी गरी नियन्त्रणमा लियो । उनलाई सेनाले श्री जनकल्याण प्राथमिक विद्यालयमामा लगेर तीन बुट हानेर आन्द्राभुँडी खान्छौं भनेको पीडितले बताए । सेनाले विद्यालय परिसरमा यातना दिएको अवस्थामा राजेन्द्रकी पत्नी रोइकराई गरेपछि माघ १० गते पाल्पाको रामपुर ब्यारेकमा तारेखमा हाजिर हुने शर्तमा उनलाई छाडियो । उनी माघ १० गते पाल्पा गएको र पाल्पाबाट चित्रेभञ्ज्याङ्ग सैनिक बेसक्याम्पमा हाजिर हुने शर्तमा पाल्पाबाट फर्काइएको उनले बताए । मानवअधिकारकर्मीको सल्लाहमा माघ १७ गते पीडित उक्त बेसक्याम्पमा हाजिर हुन गए । मानवअधिकारकर्मीसँग चित्रेभञ्ज्याङ सैनिक बेसक्याम्पका मेजर सुशिलकुमार सिंहले आस्थाका आधारमा कसैलाई अनावश्यक कष्ट नदिने बताउनु भयो । सिंहले पीडितका बारेमा बुझेर तारेख छुटाउने जनाउनु भयो ।



**सेनाद्वारा कुटपिट गरिएका स्थानीय युवा**

चिन्नेबास - ८ कुरुम्फाका ३३ वर्षीय कृष्णबहादुर कुँवरलाई २०६२ माघ ३ गते वैदेशिक रोजगारीका लागि राजधानी काठमाडौंतर्फ लाग्दा गस्तीमा रहेको सुरक्षाकर्मीको टोलीले सोही गाविसस्थित हरिनासको वनबाट आफ्नो नियन्त्रणमा लिएर कुटपिट गरे । सुरक्षाकर्मीको कुटाइका कारण उनको मृगौलामा असर पर्न गएको छ । यातनापछि सुरक्षाकर्मीले उनलाई जीवनको अन्तिम खाना चक्लेट खा र भाग भन्दै कुटपिट गरेको तर आफू सर्वसाधारण भएका कारण नभागेकोले बाँचेको पीडितले बताए । यातनाका कारण शरीर दुखेका कारण उनले तीन सय रुपैयाको औषधी खाए ।

चित्रे भञ्ज्याङ्ग गाविस - ४ छिपुङका ३१ वर्षीय टोपबहादुर चन्दलाई ०६१ माघ १ गते सेनाको क्याप्टेनले खोजेको मान्छे भेटियो भन्दै घाँटीमा समातेर पेटमा मुक्काले हाने । उनको घरमा माओवादीले सामान राखेको आशंकामा कुटपिट गरिएको बताइयो । पीडित चन्द र उनको घरमा काम गर्ने केटालाई सेनाले त्यतिबेलै गोली हान्ने धम्की दिएर कुटपिट गरेको प्रत्यक्षदर्शी पीडित चन्दकी आमा ६७ वर्षीय हीरा कुमारीले बताइन् ।

उक्त दिन सोही ठाउँका ७७ वर्षीय चुडामणी श्रेष्ठलाई पनि सेनाले कुटपिट गरे । स्रोतका अनुसार, मेजर शंकरनारायण श्रेष्ठको नेतृत्वमा खटिएको टोलीले दुवैजनालाई कुटपिट गरेको थियो ।

तनहुँको अरुणोदय गाविस- २ अम्बोटेमा सेना र माओवादीबीच पुस २८ गते राति भएको भिडन्तपछि पुस २९ गते १६ वर्षीय गंगाबहादुर थापालाई कुटपिट गरिएको छ । माओवादीलाई सघाएको आरोपमा सेनाले उनलाई टाउको तल र खुट्टा माथि पारेर झुण्ड्याएको थियो ।

## सेनाद्धारा यातना दिइएका जनसाधारणहरू

| क्र.सं. | नाम | उमेर | ठेगाना | कुटपिट गरिएको मिति |
|---|---|---|---|---|
| १. | जौउबहादुर गुरुङ्ग | १६ | मनकामना-१ | २०६२ पुस २९ गते |
| २. | यमबहादुर गुरुङ्ग | १८ | मनकामना-१ | २०६२ पुस २९ गते |
| ३ | फलराज गुरुङ्ग | २७ | मनकामना-१ | २०६२ पुस २९ गते |
| ४ | तीलबहादुर गुरुङ्ग | २८ | मनकामना-१ | २०६२ पुस २९ गते |
| ५ | राजबीर गुरुङ्ग | ६७ | मनकामना-१ | २०६२ पुस २९ गते |
| ६ | यामबहादुर विश्वकर्मा | २१ | मनकामना-१ | २०६२ पुस २९ गते |
| ७ | ओम गुरुङ्ग | २९ | मनकामना-१ | २०६२ पुस २९ गते |
| ८ | हस्तबहादुर गुरुङ्ग | १७ | मनकामना-१ | २०६२ पुस २९ गते |
| ९ | डम्बरबहादुर गुरुङ्ग | नखुलेको | मनकामना-१ | २०६२ पुस २९ गते |
| १० | राजेन्द्र कुँवर | २३ | चिन्नेबास-८ | २०६२ माघ ३ गते |
| ११ | कृष्णबहादुर कुँवर | ३३ | चिन्नेबास-८ | २०६२ माघ ३ गते |
| १२ | टोपबहादुर चन्द | ३१ | चित्रेभञ्ज्याङ्ग -४ | २०६२ माघ १ गते |
| १३ | चुडामुनी श्रेष्ठ | ७७ | चित्रेभञ्ज्याङ्ग -४ | २०६२ माघ १ गते |
| १४ | गंगाबहादुर थापा | १६ | अरुणोदय-२ | २०६२ पुस २९ गते |

**मानववस्तीमा दोहोरो फायरिङ**

०६२ पुस २९ गते सेना र माओवादीबीच भएको दोहोरो भिडन्तको मारमा मनकामना गाविस-१ र २ का २७ वटा घरहरू परेका छन । ती घरको चारैतर्फका भित्ताहरूमा अनगिन्ती गोलीका डोब देखिए । स्थानीय बासिन्दाका अनुसार, माओवादीले ती घरहरूको आड लिएर सेनालाई गोली प्रहार गरेका थिए । सेनाबाट पनि माओवादीलाई लक्षित गरी मानव वस्तीतर्फ नै गोली तथा बम प्रहार गरिए । त्यहाँका घर र गोठहरू क्षतिग्रस्त भएका छन् । घरका भित्ता, छाना, धनसार र गोठहरूमा यत्रतत्र गोलीका प्वालहरू रहेका छन ।

सेनाको हेलिकप्टर मनकामना-१ का यामबहादुर विश्वकर्माको घर नजिकै तीन पटक अवतरण गरिएका कारण उनको एक घर, एक गोठ र एक धनसारको छाना उडाएको छ । पानी घरभित्र पस्ने डरले गर्दा उनले बिग्रिएको घरको छानामात्रै मर्मत गर्न सकेका छन् । माओवादीका स्याङजा जिल्ला कमिटीका सदस्यद्धय (डीसीएम) गणेश के.सी.(हिमाल) र बिन्दुले मानवअधिकारकर्मीसँगको भेटमा मानव बस्तीमा क्षति पुग्ने भएकोले माओवादीकातर्फबाट फायरिङमा संवेदनशीलता अपनाइएको बताए ।

मनकामना -५ सुरुङमा २०६२ पौष २९ गते दिउँसो ४ बजे भलिबल खेलिरहेका स्थानीय युवाहरूलाई लक्षित गरेर सैनिक हेलिकप्टरबाट गोली हानिएको थियो । स्थानीय २१ वर्षीय दुर्गाबहादुर थापाका अनुसार हेलिकप्टरबाट चलाएको गोलीले सोही ठाउँका जोगबहादुर थापाको घरको टिन छेडिएको छ भने जीतबहादुर थापाको घरको ढोकामा गोली लागी ढोका फुटेको छ ।

भिडन्तका क्रममा स्थानीय बासिन्दाका भाँडा वर्तन, विद्यार्थीका पुस्तक र लुगाहरूमा गोली लागेको देखियो ।

२०६२ पुस २८ गते राति ३ बजे तनहुँको भीमादतर्फबाट गस्तीमा गएको सेना र अरुणोदय गाविस- २ अम्बोटेमा बसेका माओवादीबीच जम्काभेट भएपछि दुवैतर्फबाट गोली हानाहान भएको थियो । भिडन्तको क्रममा सेनाले

स्थानीय ५० वर्षीय तीलकुमारी श्रेष्ठ, ६० वर्षीय पार्वती श्रेष्ठ, ६५ वर्षीय गिरप्रसाद आले र ४१ वर्षीय टेकबहादुर रुचालको घरमा अन्धाधुन्ध गोली प्रहार गरेको थियो । गोली प्रहारबाट घरका भित्तामा जताततै प्वाल परेको छ । रुचालको घरमा सेनाले हेलिकप्टरबाट सकेट बम प्रहार गरेका कारण उनको घरको छानामा ठूलो प्वाल परेको छ । बम पड्केको भए घरमा आगलागी भई सिङ्गो गाउँ नै सखाप हुने सेनाले स्वीकार गरेको पीडित टेकबहादुर रुचालले बताए ।

**घरपालुवा जनावर पनि बचेनन्**

भिडन्तका क्रममा मनकामना-१ का ६० वर्षीयका दुर्गाबहादुर गुरु गुरुङ्गको एउटा बाच्छोको पेटमा गोली लागेर आन्द्रा भुँडी छताछुल्ल भयो, एउटा बाखो गोली लागेर मऱ्यो । उनले क्षतिपूर्ति पाएका छैनन् ।

सुरक्षाकर्मीको गोलीबाट सोही ठाउँका ७५ वर्षीय आइतबहादुर गुरु गुरुङ्गको तीन वटा बाखा मारिए । सोही ठाउँका पीत्तबहादुर तमुको लैनो भैंसी गोलीबाट मारिएको छ र बाली लागेको भैंसीलाई गोली लागेको छ ।

मनकामना -५ सुरुङमा २०६२ पौष २९ गते दिउँसो ४ बजे भलिबल खेलिरहेका स्थानीय युवाहरूलाई लक्षित गरेर सैनिक हेलिकप्टरबाट गोली हानिएको थियो । मनकामना-५ सुरुङमा हेलिकोप्टरबाट चलाइएको गोलीबाट उक्त स्थानका ७५ वर्षीय भक्तबहादुर थापाको लैनो पाडो मरेका कारण भैंसीले अझैसम्म दुध दिएको छैन । सेनाको पुस २८ गतेको गोलीबाट अरुणोदय गाविस- २ का ५० वर्षीय दुर्गाबहादुर दर्जीको बाखा मरेको थियो ।

**माओवादीको क्षति**

मनकामना र चित्रेभञ्ज्याङको भिडन्तमा परी १८ जना माओवादीको लास बरामद गरिएको स्याङजाका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारी र प्रहरी नायव उपरीक्षक तुलसी अधिकारीले जानकारी दिनुभयो । माओवादीका स्याङजा जिल्ला कमिटी सदस्य हिमाल र विन्दुले मनकामना गाविसमा मात्र आफ्ना १३ जना लडाकु र एक जना सर्वसाधारणको मृत्यु भएको बताउनु भयो । ५ जना घाइतेलाई आफूहरूले नै बोकेर लगेको माओवादी जिल्ला कमिटी सदस्यहरुद्वारा जनाइयो । उनीहरूले युद्धमोर्चामा छुटेका तीन जना घाइतेहरूलाई कब्जामा लिएर सेनाले मारेको आरोप लगाएका छन् ।

मारिएका माओवादीमध्ये स्थानीय जनताको सहयोगमा २ जना महिलासहित ९ जनाको लास मनकामनाको गहतेमा, १ जना महिलासहित ४ जना जाकटेडाँडा नजिकका दुईवटा खाल्डोमा सेनाले गाडेको स्थानीय बासिन्दाले बताए ।

२०६२ पुस २८ गते राति ३ बजे अरुणोदय गाविस- २ अम्बोटेमा भिडन्त हुँदा हेलिकप्टरबाट सेनाले माओवादीमाथि गोली र बम प्रहार गरेको स्थानीय बासिन्दाले बताए । भिडन्तको क्रममा सेनातर्फ कुनै क्षति नभए पनि माओवादीतर्फ नाम खुल्न नसकेकी एक महिला छापामार घटनास्थलमा मारिएको थाहा हुन आयो । एक माओवादी कार्यकर्तालाई गोली लागेको पनि बताइयो । मारिएकी महिला छापामार गर्भवती रहेको बुझिएको छ । उनी घाइते भएर स्थानीय ६० वर्षीय पार्वती श्रेष्ठको घरको आडैमा रहेको भैंसीको गोठमा गई परालले आफूलाई छोपेर लुकेकी थिइन् ।

प्रत्यक्षदर्शी पार्वती श्रेष्ठका अनुसार, पुस २९ गते बिहान सेना चित्रेभञ्ज्याङतर्फ जाने क्रममा घाइते माओवादी कार्यकर्तालाई देखे । त्यही ठाउँमा नै गोली प्रहार गरी ती कार्यकर्ताको हत्या गरियो ।

मृतक माओवादी कार्यकतालाई सेनाले गाउँ नजिकैको गिरप्रसाद आलेको बारीको छेउमा खाल्टो खनी गाडी दिए । माओवादी कार्यकर्ताको सरसामान जलाइयो । माओवादीले भिडन्तको तयारीका क्रममा गिरप्रसाद आलेको बारीमा २० वटा बङ्कर खनेका थिए ।

सेनाले सोही दिन करडस्वारामा २ जना माओवादी कार्यकर्तालाई गोली हानी हत्या गरेर सोही ठाउँमा नै खाल्डो खनी गाडे ।

### निशस्त्र पनि मारिए

चित्रेभञ्ज्याङ- ८ स्थित ठूलो गरामा ०६२ पुस २८ गते बिहान साढे सात बजे आएका दुईजना निशस्त्र माओवादी युवतीमध्ये सेनाको गोली प्रहारबाट करिब २२ वर्षीय एक माओवादी युवती घटनास्थल मै मारिइन् । अर्की माओवादी युवती घटनास्थलको दक्षिणमा रहेको रोदी खोलातर्फ भाग्न सफल भइन् । दुवैजना निशस्त्र अवस्थामा राम्चेकतर्फ जान लाग्दा सेनाले हात उठाउन भनेको थियो । तर नमानेपछि सेनाले गोली हानेको थियो । गोली लागेको स्थलबाट पाँचसय मिटर तल स्थानीय खीमबहादुर रानाको बारीमा लास ढलेको प्रत्यक्षदर्शी टेकबहादुर थापाले बताए ।

### सुरक्षाफौजको क्षति

उल्लेखित स्थानका भिडन्तमा परी दुई जना सुरक्षाकर्मी मारिएको स्थानीय बासिन्दाले बताए । तर, सैनिक जनसम्पर्क निर्देशनालयले भने एक जना सैनिक मारिएको र ६ जना घाइते भएको जनाएको छ । तर माओवादीको जिल्ला कमिटी सदस्य बिन्दुले भने धेरै सैनिक घाइते भएको जिकिर गरे ।

### आक्रमणको निशाना विद्यालय

किचनास गाविस-६ खैरीकोटमा रहेको थानापति प्राथमिक विद्यालयमा सेनाले हवाई आक्रमण गरी गम्भीर क्षति पुऱ्याएको छ । सेनाले २०६२ पुस २८ गते दिउँसो १२ बजदेखि २ बजेसम्म विद्यालयमा आक्रमण गरेको थियो । विद्यालयमा पढाई चालु रहेको अवस्थामा विद्यालय हाताभित्र करिब २० जना माओवादी प्रवेश गरेपछि विद्यालयलाई निसाना बनाएर दुई वटा सैनिक हेलिकप्टरबाट आक्रमण गरिएको थियो । आक्रमणबाट विद्यालयको भित्ता र छानामा जतातत्तै प्वाल परेको छ ।




**आक्रमण गरिएको थानापति प्रावि**

सेनाले गोली चलाउन थालेपछि केही माओवादी कक्षा ४ भित्र लुक्न गएका र झ्यालबाट बाहिर गोली चलाए पछि सेनाले प्रहार गर्दा एक जना माओवादी घाइते भएको विद्यालयकी शिक्षिका सिर्जना पौडेलले बताइन् । घाइते माओवादीको रगतले कक्षा ४ का छात्रा ममता आचार्यको किताब र कपडा रगताम्य भएको उनले बताइन् । घाइतेलाई माओवादीले नै बोकेर लगेका थिए । माओवादी र सेनाबीच भिडन्त भएको बेला कक्षा ४ मा शिक्षिका ईन्द्रकला गुरु गुरुङ्ग र १७ जना विद्यार्थीहरू कुनामा घोप्टो परेर बसेका थिए । भिडन्तको त्रासदीले बच्चाहरूले कक्षा कोठामा नै दिसा पिसाब गरेका र शिक्षिका बेहोस भएकी थिइन् । त्यस दिन विद्यालयका कूल १ सय ३० जना विद्यार्थीमध्ये ९८ जना विद्यालयमा हाजिर भएका थिए ।

भिडन्तपछि पुस २८ गतेदेखि माघ ६ गतेसम्म विद्यालय बन्द रहेको थियो भने सेनाले माघ ३ गते विद्यालयमा लागेका रगतका टाटाहरू सफा गरेका थिए । विद्यालयमा १४ वटाभन्दा बढी गोली लागेका प्वालहहरू छन् । सैनिक आक्रमणबाट विद्यालयमा क्षति पुगेका कारण क्षतिपूर्तिस्वरुप एउटा ब्लक उपलब्ध गराउने निर्णय गरिएको जिल्ला शिक्षा अधिकारी चित्रप्रसाद देवकोटाले जानकारी दिनुभयो ।

### माओवादी परिवार र सर्वसाधारणको सम्पत्ति कब्जा

सेनाले चित्रेभञ्ज्याङ-५ गिरकोटको जनज्योति आमा समूहको कुर्सी, टेबल, ताउलो, गाग्री, कराई, बिजुलीको तार, थाल, कचौरा, लगायतका भाडाकुँडा २०६२ माघ २ गते बिहान ६ बजे बरामद गरेको थियो । माओवादी कार्यकर्तालाई प्रयोग गर्न दिएको आरोपमा ती सामानहरू सेनाले कब्जा गरेको हो । आमा समूहकी अध्यक्ष डिल्लीमाया मानन्धरका अनुसार, सेनाले जफत गरेका सबै सामान फिर्ता गरेको छ ।

पति खिमबहादुर विश्वकर्मा माओवादी निकट दलित मुक्ति मोर्चाको केन्द्रीय सदस्य भएको आरोपमा सेनाले चित्रेभञ्ज्याङ्ग-५ गिरकोटकी ३६ वर्षीय मीना विश्वकर्माको कपडा पसलमा रहेका सम्पूर्ण कपडाहरू सेनाले कब्जा

गरेको छ । उनका अनुसार, पसलमा २ लाख रुपैंया बराबरको सामान रहेको थियो । सेनाले समान अझै फिर्ता गरेको छैन ।


पीडित मिना विश्वकर्मा

कब्जामा लिएको सामान लिन पोखरा जाँदा गगनगौंडाको सैनिक चेकपोष्टमा सेनाले पीडितलाई नियन्त्रणमा लिएर ५ घण्टा सोधपुछ गरेर छाडेको थियो । पोखरास्थित मल्ल इम्पोरियमका बद्री मल्लको रोहबरमा पाँच-पाँच दिनको अन्तरालमा तारेख धाउनु पर्ने गरी उनलाई मुक्त गरिएको हो । सेनाको तारेखका लागि पोखरा आउने खर्चसमेत नभएका कारण मीना अहिले अर्काकोमा काम गरेर खर्च जुटाउँदै तारेखमा पोखरा धाउने गरेकी छन् । माओवादीमा लागेका पतिलाई खोजेर नल्याए उनलाई सेनाले मार्ने धम्की दिइएको बुझिएको छ । सेनाबाट कब्जामा लिइएको समान फिर्ता गराउन र आफ्नो जीवन रक्षाको लागि पहल गरी दिन पीडितले मानवअधिकार टोलीसँग अनुरोध गरिन् ।

मग्याम चिसापानी गाविस- ३ प्यारसिङमा व्यापार गरिरहेका ४४ वर्षीय भूतपूर्व भारतीय सिपाही दिलबहादुर श्रेष्ठको पसलमा बिक्रीका लागि राखिएको २५ बोरा चामल, २ बोरा आलु, २ बोरा मुसुरोदाल, २ बोरा प्याज, १० किलो लसुन, ३ प्याकेट तोरी तेल लगायतका सामानहरू सेनाले ०६२ माघ २ गते कब्जा गरेको पीडितले बताए । माओवादीको सामान हुन सक्ने आशंकामा सेनाले ती सामान कब्जा गरेको बताइयो । सेनाले त्यस क्षेत्रमा व्यापक खानतलासी गरेको थियो ।

सोही ठाउँका ४४ वर्षीय भूतपूर्व भारतीय सैनिक नन्दराम श्रेष्ठको घरबाट माघ ५ गते ३५ बोरा चामल, ३ बोरा दाल, ३ बोरा तरकारी, मसला, चिनी लगायतका सामानहरू कब्जा गरेको थियो । पीडित दुवै जनालाई माघ ९ गते को तारेखका लागि सेनाको पोखरास्थित विजयपुर ब्यारेकमा बोलायो ।

### गिरफ्तार

मग्याम चिसापानी - ३ प्यारसिङको लिला थापाको घरमा बसेर उपचार गराइरहेकी माओवादी कार्यकर्ता सिर्जना शाहीलाई सेनाले ०६२ माघ २ गते गिरफ्तार गरेको छ । उनी भिडन्तको क्रममा घाइते भएकी थिइन् । सेनाले माओवादी कार्यकर्ताको भेषमा आएर उनलाई गिरफ्तार गरेको थियो । उनको अवस्था अज्ञात छ ।

| क्र.सं. | नाम | उमेर | पक्राउ गरेको स्थान | मिति |
|---|---|---|---|---|
| १ | सिर्जना शाही | अज्ञात | मग्याम चिसापानी - ३ | २०६२ माघ २ गते |

## घटनाका सरोकारवालाहरूको कथन जस्ताको तस्तै

### पीडित पक्ष

**३३ वर्षीय कृष्ण कुँवर चिन्नेबास - ८ कुरुम्फा,**

वैदेशिक रोजगारका लागि २०६२ माघ ३ गते हरिनासको बाटो हुँदै म पासपोर्ट लिएर काठमाडौं हिंडेका बेला सुरक्षाकर्मीले खानतलासी गरे । म कृष्णबहादुर त्यस ठाउँबाट केही पर पुगेपछि फेरि अर्को टोलीले झोला खानतलासी गरे । त्यस ठाउँबाट फेरि अगाडि चित्रेभञ्ज्याङ्ग-४ छिपुङ भन्ने ठाउँमा पुग्दा सुरक्षाकर्मीको अर्को टोलीले रोकी कुटपिट गर्न लागे । म वैदेशिक रोजगारीमा जानका लागि होराइजन मेनपावरमा अन्तरवार्ता दिन हिंडेको थिएँ । पहिला पनि दुई पटक विदेश गएर आइसकेको हुँ भन्दा भन्दै आर्मीले जुत्ताले मेरो सन्नीमा हाने । म त्यही ढलें । फेरि आर्मीले बुटले हान्दै उठाएर अगाडि चेक गरी सकेको ठाउँतर्फ ल्याए । बाटामा बुटले हान्दै एउटा चक्लेट खा भने । मैले खाइन, श्रीमतीलाई राम्ररी बस भनेर खबर गर भने । मलाई आर्मीको चार जना जवानले दौडन भने, तर म दौडिन । अगाडिको चेक प्वाइन्टमा पुर्‍याएपछि पहिला चेक गरेका सुरक्षाकर्मीले भेटे र यो निर्दोष जस्तो छ भनेपछि छाडी दिए । त्यसपछि मेरो दाइ सूर्यबहादुर कुँवरको भीमादमा रहेको सञ्जय फर्मामा पुगें । त्यहाँ एक सयको औषधी खाएँ । र, ठीक नभएपछि पोखरा महेन्द्रपुलमा रहेको निरज फर्मामा गएर २ सयको औषधी खाएँ । अझै पनि शरीर राम्रो भएको छैन । छिपुङका कृष्णबहादुर चन्द, अमृत श्रेष्ठ र एक जना बूढा मान्छे पनि सेनाबाट कुटिएका छन् ।

**६० वर्षीय कुसुली गुरुङ्ग**
**मृतक रेलबहादुरकी पत्नी मनकामना-२, सपौंदे**

हाम्रो माघे संक्रान्ती चाड मान्ने चलन छ । गाउँमा भैंसी काट्ने भए । पुस २९ गते मेरो श्रीमान् पनि मासु लिन गएका थिए । ३.३० बजेतिर जाकटे डाँडामा हेलिकप्टर ल्याएर सेना उत्रिए छन् । कति आएका थिए भन्न सक्तिन । गाउँ घरमा गोली पड्किन शुरु भयो । हामी सबै घरभित्र लुक्यौं । सेनाले हामीलाई बाहिर निस्किन दिएन । आइतबहादुरको घरमा २ पाठा सहित ३ बटा बाखा मारिए ।

आइतबहादुरको घर छेउमा माओवादी बसेका थिए । सेनाले गोली हान्यो । त्यस ठाउँमा २ जना माओवादी मरेछन् । मेरो श्रीमान् भैसींको मासु काट्दै रहेछन् । अरु भागेछन्, र बाँचे, मेरो बूढो सिधा थियो, कुकुरले मासु खान्छ भनेर कुरेर बसेछ । सेनाको गोलीले उसको पछाडि लागेछ, आन्द्राभुँडी निस्किएको थियो । २ रात रुँगेको , २ दिनपछि मात्र लास जिम्मा दिए । एउटा कागजमा बूढी औंलाको ८ ठाउँमा छाप लगाउन लगाए, मैले के मा छाप लगाएको सोधिन, डर लाग्यो । पढेर सुनाएनन् । मेरो बुढो ६० वर्षको थियो । पेशा कृषि थियो । भारतीय सेनामा काम गरेको र पेन्सनमा घर आएको हो । २ छोरी विवाहित छन् । दुई छोरा ७ र नाति नातीनासँगै बस्छौं ।

सेनाले दुई हजार रुपैंया कागज गराएर दियो । अरु चारवटा ड्याक्ची र एउटा कम्मल पनि दिएका छन् । सेनाको एउटा टोलीले गाली, बेइजति गर्‍यो । मेरो बूढो सेनाको गोलीले मरेको हो । माथि मारिएका दुई जना हतियार बोकेका माओवादी नै थिए ।

अब गाउँमा यस्तो युद्ध नहोस् । सम्पत्तिका नाममा धान नहुने ३ रोपनी पाखो बारी छ । कोदो र मकै मात्रै हुन्छ । दुईवटा भैंसी, एक हल गोरु, २ वटा गाई, चार वटा बाखा र एक कुखुरा नै मेरो सम्पत्ति हो । मेलापात र घाँस दाउरा गर्न पनि म नसक्ने भएँ । सरकारले मेरो लागि उचित आर्थिक सहयोग गरिदिनु पर्छ भन्ने मेरो माग छ ।

रेलबहादुरको ना.प्र.नं. ९१५२ जि.प्र.का. स्याङ्गजा
जन्ममिति :- १९९९।६।५

**४५ वर्षीय डिलमाया गुरुङ्ग, मनकामना- १**
सेना घरमा आएर मेरी छोरी माया गुरुङ्ग र श्रीमान् पूर्णबहादुर गुरुङ्गसमेत मलाई घरवाट बाहिर निकाले । सेनाले तिमीहरू नै माओवादी हौ, यिनीहरूलाई गोली हान भने । हामीहरूले सर्वसाधरण हौं ,यो हाम्रो घर हो भन्दासमेत घरबाट करिब एक सय पचास मीटर परसम्म लगेर छाडे । श्रीमानलाई कुटपिट गरे ।

**डम्बरबहादुर गुरुङ्ग, मनकामना-.१ गहते**
भिडन्त सकिएपछि सेनाहरू घरमा आएर हामीसँग हिड भने । तँ पनि त माओवादी होस् भन्दै कुटपिट गरे । र, पुस २९ गते मनकामना चिहानडाँडामा लगी रातभरी चिसो खाल्डोमा राखे ।

**५० वर्षीय युमबहादुर गुरुङ्ग, मनकामना-१ गहते**
सेनाले हामीलाई देखेपछि लगातार गोली प्रहार गरेको थियो । हामीहरू सर्वसाधारण हौ भनेर हात उठाउँदा समेत गोली हान्न रोकिएन् । भाग्यवश गोली लागेन र बाँचे । मेरो दाहिने कम्मरमा गोलीको छर्रा लागेको छ

**यमबहादुर गुरुङ्ग, मनकामना- १ गहते**
भिडन्त सकिएपछि सेनाले मेरो घरमा आएर दुबै हात पछाडि बाँधी कुटदै मनकामना चिहानडाँडामा लगी रातभरी चिसो खाल्डोमा राखे । भोलिपल्ट खाने पानी समेत बोकाएर अपरान्ह तीन बजेतिर मात्रै छोडे ।

**२० वर्षीय केसमाया गुरुङ्ग, मनकामना– १ गहते**
भिडन्त सकिएपछि सेनाहरू घरमा आए । म र मेरी तीन वर्षीय छोरी जमुना गुरुङ्ग, कौमती गुरुङ्गलाई घरबाट जवरजस्ती लगे । फलराज गुरुङ्गलाई कुटपिट गरे । मैले मेरो बच्चा सानो छ म जान्न भन्दा भन्दै मनकामना चिहानडाँडामा लगी रातभरी चिसोमा राखे । माओवादीलाई पालेको आरोप लगाए । रातभरी राखेर बिहान खाने पानी बोकाए ।

**२९ वर्षीय ओमबहादुर गुरुङ्ग, मनकामना– १**
म खेत जोतेर घर फर्केपछि भिडन्त भयो । भिडन्तबाट ज्यान बचाउन नजिकैको गंगाबहादुर गुरुङ्गको घरभित्र सुतें तर सेनाले झयाल बाहिरबाट देखेछ । बन्दुक तेर्साएको देखपछि हात उचाले । त्यसपछि मलाई सेनाले बोलाएर मुक्का र बुटलले हिर्कायो ।

**सिर्जना पौडेल, शिक्षिका**
थानापति प्राथमिक विद्यालय किचनास-६ खैरीकोट
२०६२ साल पुस २८ गते पढाइ सञ्चालन भैरहेको बेला लगभग एक डेढ सय जति माओवादी विद्यालयको दक्षिण दिशाबाट स्कुलमा आए । तर, १५ देखि २० जना माओवादी मात्र स्कुलमा प्रवेश गरे । स्कुलको बिभिन्न कक्षामा छिरे । त्यस दिन सेनाले स्कुल वरपर हवाई गस्ती गरिरहेको थियो । माओवादी प्रवेश गरेको केही क्षण मै सेनाले विद्यालयलाई निशाना बनाएर बम, गोली बर्साउन थाल्यो । यस्तो क्रम मध्यान्ह १२ बजेदेखि २ बजेसम्म चल्यो । हामीहरू कक्षा कोठाभित्र लुक्यौं । धेरै विद्यार्थीहरू हामीसँग थिए । सायद अब बाचिँदैन होला जस्तो लाग्यो । सेनाको गोलीले स्कुलका भित्ता, छाना यत्र तत्र छेडेको छ ।

कक्षा ४ मा चार/पाँच जना सादा पोशाकका माओवादी प्रवेश गरेका थिए । हवाई आक्रमण भइरहेको बेला कक्षा ४ मा जम्मा १७ जना विद्यार्थी थिए । कक्षाभित्र रहेका एक जना माओवादीलाई सेनाको गोली लाग्यो । गोलीबाट तिघ्राको मासु उछिट्टिएर शिक्षिका ईन्द्रकला गुरुङको निधारमा टाँसियो ।

घाइते माओवादी लडे । उनको रगतले छात्रा ममता आचार्यको किताब रगताम्य भएको थियो । मिस बेहोस भएर लड्नु भएको थियो । दुई बजेतिर आकाशबाट आक्रमण बन्द भयो र हेलिकप्टरको आवाज नसुनेपछि हामी भाग्यौं ।

सेनाले विद्यालयमा आक्रमण गरेको दिनदेखि माघ ५ गतेसम्म त्रासका कारण बन्द नै रहयो र ६ गतेदेखि मात्र विद्यालय सञ्चालन भयो । बन्दका क्रममा माघ ३ गते सेनाहरू करिब एक सय जति आएका थिए । उनीहरूले कक्षा कोठामा रगत सफा गरेर गए ।

**६७ वर्षीय राजबीर गुरुङ्ग, मनकामना–१**
स्वर्गीय सूकबहादुर गुरुङ्गको घरबाट ८० मीटर उत्तरमा ३ वटा लास ढलेको थियो । ती सबै पुरुष थिए, पछि ९ वटा लास जम्मा पारेर पाखापारी पधँरोमाथि खोल्सामा गाडे । २ महिला र ७ पुरुष हुन् । हेलिकप्टरबाट आर्मीले बम खसाले । धर्म गर्ने ठाउँमा बम खसाले, माओवादी मनकामना मन्दिर पट्टी भागे । सेनाले यामबहादुर विश्वकर्माको घर नजिक हेलिकप्टर राखेर भिडे ।

मनकामना चिहानडाँडामा सेना रात-दिन बस्यो । खाना आफैं बनाएर खाए । यहाँका केटीहरूले पानी बोकी दिए । हेलिकप्टर आउने जाने गरिरहेको थियो । सेनाले यहाँका सबैलाई डाँडामा लगेर रातभरी राखेर यातना दियो । प्रीतमबहादुरलाई एक रात चिसो राखेर धेरै यातना दिएका कारण उ आज मरेको छ ।

**माओवादी**

**हाम्रो ३०/४० जनाको क्षति हुन्थ्यो**
गणेश के.सी. (हिमाल) जिल्ला कमिटी सदस्य, नेकपा (माओवादी), स्याङ्गजा ।

केही समयअघिदेखि हाम्रो जनमुक्ति सेना मनकामना क्षेत्रमा बसेको थियो, पुस २८ गते यो ठाउँबाट गन्तव्य स्थलतर्फबाट जान लाग्दा सेनाको हेलिकप्टर बस्न लाग्यो, करिब ३ बजेतिर हेलिकप्टर बसेपछि सेनाले फायर खोल्यो र हाम्रो तर्फबाट प्रतिरक्षा गरियो ।

पुस २८ र २९ गते स्याङ्जाको चित्रेभञ्ज्याङ्ग, मनकामना र आम्बोटेमा भिडन्त भएको हो । हामीलाई सेनाले ६ ठाउँबाट घेरेको थियो ।

हामी जनताका प्रायः सबै घरमा भएका कारण हाम्रा कमाण्डरले जनमुक्ति सेनाले गाउँबाट नहान्ने आदेश दिनु भएको थियो । शक्तिको रक्षा गर्ने र सुरक्षित गन्तब्यतर्फ लाग्ने हाम्रो योजना थियो । त्यतिबेला रक्षात्मक रणनीति अपनाइएको थियो । हामीले बस्ती पर्ने भएका कारण ८१ र एलएमजीहरू प्रयोग गरनौं । नत्र यस क्षेत्रमा हामीले शत्रुलाई चट्नी बनाउने थियौं । यस ठाउँमा हाम्रो ठूलो शक्ति बसेको हो । सर्वसाधारण र गाउँको क्षति हुने भएकोले हामीले संयम अपनायौं । त्यसकारण हाम्रो क्षति भएको हो । मनकामनामा हाम्रा १३ जनाले साहादत प्राप्त गर्नु भएको छ । ५ जना घाइते बोकेर लगियो । एफएमबाट सुनिए अनुसार, उनीहरूको मेजरलाई गोली  लागेको छ । हेलिकप्टरमा पनि गोली लागेको छ । युद्धमोर्चामा छुटेका हाम्रा तीन जना घाइतेलाई हत्या गरिएको छ । हामीले संयम नअपनाएको भए हाम्रो ३०/४० जना क्षति हुने स्थिति थियो र गाउँ ने समाप्त हुने थियो । आक्रमक कारवाहीमा नउत्रने भनेर खतम भइयो ।

मनकामनामा बाखा, भैंसी र गोरुलाई गोली लागेको छ । भाडाहरू छेडिएका छन् । भिडन्तपछि सेनाले यहाँका महिला, बच्चा र पुरुषहरूलाई पर्व मनाउन नदिएर पुस २९ गते रातभरी मसानघाटमा लगेर यातना दियो ।

शान्तिपूर्ण निकासका लागि सबैतिरबाट प्रयत्न भइरहेको बेला राज्य मिचाहा र उदण्ड तरिकाले आएको छ । मनकामनामा राज्यले देखाएको रबैया उदण्डता हो । निशस्त्रलाई बर्वर तरिकाले कब्जामा लिएर हत्या गर्ने  र जनतालाई भुल्याउन राहत दिए झैं गर्ने काम राज्यले गरेको छ ।

**स्याङ्जाली आमा ( नेकपा) माओवादी**

२०६२ पुस २९ गते मनकामना भिडन्त भयो । त्यसको दुई दिनपछि मेरो घर सबै खाली गरेर लगे । मेरो बारीका ६५ बोटका सबै सुन्तला लगे । करिब १२ हजार सुन्तला र तीन हजार मौसम थिए । टेप रेकर्ड छोडेछ अरु केही छैन ।

हाम्रो पक्षबाट प्रतिआक्रमण भएको हो । भिडन्तको योजना थिएन । सेना पैदल आउन नसकेर हेलिकप्टरबाट आयो र बढी आक्रमण हेलिकप्टरबाट गऱ्यो ।

**राज्यपक्ष**

**दुर्गाप्रसाद अधिकारी**

**प्रमुख जिल्ला अधिकारी, स्याङ्जा**

सेनाको गोलीबाट मारिएका रेलबहादुरको परिवारलाई जिल्ला विकास समितिबाट दुई हजार रकम उपलब्ध गराइएको छ । क्षति भएको विद्यालयका लागि ब्लक उपलब्ध गराउने निर्णय भएको छ । विद्यालयभित्र माओवादी बसेका कारण विद्यालयमा आक्रमण भएको हो । स्कूलभित्रबाट माओवादीले प्रहार गरेपछि फायर खोल्नु पर्ने स्थिति रहेको थियो । सेनाबाट सर्वसाधारण कुटिएको खवर आएको छैन । दोहोरो भिडन्तमा परेर माओवादीका १८ जनाको लास बरामद गरी मुचुल्का गरिएको छ । तर अधिकांशको परिचय खुलको छैन् ।

**तुलसीप्रसाद अधिकारी,**

**प्रहरी नायब उपरीक्षक, स्याङ्जा**

युद्धको बेलामा सर्वसाधारण र सादा पोशाकमा रहेकाहरू पनि मारिन्छन्, त्यसको पुष्टी गर्न सकिदैंन । युद्धमा अलिअलि सर्वसाधारण मारिनु स्वभाविक हो । मनकामनामा समस्या छैन भनेर जनताले भनेका छन् । युद्धको बेलामा "मोर ओर लेस" त भइहाल्छ, त्यस क्षेत्रमा १८ वटा लासको मुचुल्का भएको छ । सेनातर्फ १ जना मारिएको हो । केही घाइते भए । सर्वसाधारण कुटाईमा परेको जानकारी छैन । सेनाको यातनाका कारण सर्वसाधारण मारिएको पनि जानकारी छैन ।

**निष्कर्ष**
सेना र माओवादीबीच पुस २८ र २९ गते स्या गुरुङ्गजा र तनहुँका विभिन्न स्थानमा भएका दोहोरो भिडन्तका क्रममा मानवबस्ती, विद्यालय, मन्दिर परेका कारण राष्ट्रिय कानुन र जेनेभा महासन्धिका प्रावधानहरू उल्लंघन भएको देखिएको छ ।

भिडन्तपछि शाही नेपाली सेनाले गैर सैनिक नागरिकलाई कब्जामा लिएर शारीरिक तथा मानसिक यातना दिएका कारण संयुक्त राष्ट्रसंघद्वारा सन १९८४ पारित गरी नेपालले सन १९९१ मा अनुमोदन गरेको **यातना तथा अन्य क्रुर अपमानजनक व्यवहार विरद्धको महासन्धि १९८४ (१९९१) को** धारा २ को **युद्ध वा जस्तो सुकै आन्तरिक राजनीतिक अस्थिरताको समयमा वा संकटकालमासमेत यातना को औचित्यलाई स्वीकार गरिने छैन** भन्ने प्रावधानको घोर उल्लंघन भएको छ ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५ मा **"कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइने छैन तथा निर्दयी, अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन"** प्रावधानको समेत उल्लंघन भएको छ ।

**उल्लेखित घटनामा सुरक्षाकर्मीद्वारा घाइते र निशस्त्र माओवादीलाई गोली हानी मारिएको पाइयो । सुरक्षाकर्मीद्वारा त्यस क्रममा सैन्य आवश्यकताको परिपूर्ति गर्ने नाममा युद्धबाट निरपेक्ष निशस्त्र नागरिकलाई क्षति पुऱ्याउन नहुने कुरालाई वेवास्ता गरिएको समेत पाइयो । स्याङ्जाको उल्लेखित घटनामा युद्धरत दुवैपक्षले आफ्नो सैन्य आवश्यकता पूरा गर्ने नाममा गैरसैनिक वस्तीकाो सुरक्षाका सम्बन्धमा पूरै वेवास्ता गरेको पाइयो ।**

स्याङजाको मनकामना, चित्रेभञ्ज्याङ, चिन्नेवास र तनहुँमा माओवादी विरुद्धको कारवाहीमा भएका घटनाहरूबाट जेनेभा महासन्धि १९४९ को साझा घारा ३ का तपसिलका प्रावधानहरूको उल्लंघन भएको छ ।

**जेनेभा महासन्धि १९४९ को साझा धारा- ३**

कुनै एक उच्च संविदाकारी पक्षको भूमिमा अन्तर्राष्ट्रिय प्रकृति नभएको सशस्त्र संघर्षको स्थितिमा युद्धरत हरेक पक्ष देहायका प्रावधानहरूलाई न्युनतम रुपमा लागु गर्न बाध्य हुनेछ :-

१) हतियार बिसाएका र विरामी, घाउ, चोट, थुना वा अन्य त्यस्तै कारणले लड्न असक्षम सैन्य दलका सदस्य लगायत लडाईमा सक्रिय सहभागी नरहेका व्यक्तिहरूलाई, सबै परिस्थितिमा जाति, वर्ण, धर्म वा धार्मिक विश्वास, लिंग, जन्म वा सम्पत्ति वा अन्य त्यस्तै आधारमा विभेद नगरी मानवोचित व्यवहार गरिने छ । यसको लागि जहासुकै र जस्तोसुकै समयमा पनि माथि उल्लेखित व्यक्तिहरूको हकमा, देहायका कार्यहरू निषेधित छन् र हुनेछन् :-

क) जीवन र शरिर उपर हिंसा, विशेषत:, सबै खाले हत्या, अंगभंग, क्रुर व्यवहार र यातना:,
ख) बन्धक बनाउने:,
ग) व्यक्तिगत प्रतिष्ठा उपरको आक्रमण, विशेषत: होच्याउने वा अपमानजनक व्यवहार:,
घ) सभ्य समाजद्वारा अपरिहार्य भनी मान्यताप्राप्त सबै न्यायिक प्रत्याभुतिहरू प्रदान गर्ने नियमित प्रक्रियाद्वारा गठित अदालतको पूर्व निर्णय बेगर सजाय तोक्ने र कार्यन्वयन गर्ने कार्य ।

२) घाईते र विरामीहरूलाई जम्मा गरी स्याहार गरिनेछ ।
रेडक्रसको अन्तर्राष्ट्रिय समिति जस्तो एउटा निष्पक्ष मानवीय सहायता संस्थाले संघर्षका पक्षहरूलाई सेवा उपलब्ध गराउन सक्नेछ ।

मनकामना गाविस- १ को वस्तीमा माओवादी र सेनाले दोहोरो फायरिङ गरेर बस्तीलाई क्षतविक्षत पारेको, भौतिक सम्पत्ति र घरपालुवा जनावार समेत नष्ट भएका कारण जेनेभा महासन्धिको उल्लंघन भएको छ ।

यसबाहेक उल्लेखित क्षेत्रमा भएका उल्लंघनका प्रकरणबाट नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेका नागरिकका आधारभूत मौलिक हकहरू पनि उल्लंघन भएका छन् ।

## सुझाव तथा सिफारिस

- सेना र माओवादी भिडन्तका क्रममा गैरसैनिक नागरिकहरूका बस्तीहरू दोहोरो फायरिङमा पर्न थालेका र युद्धरत पक्षहरू गैरसैनिक नागरिकका आधारभूत र नैसर्गिक हक तथा अधिकारप्रति असंवेदनशील बन्न थालेको देखिएको छ । राज्य र माओवादी दुवै पक्षले जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को पूर्ण पालना गर्नु पर्दछ । साथै नपालले अनुमोदन गरेका राष्ट्रसंघीय महासन्धिहरुको राज्यपक्षद्वारा पालना गरिनु आवश्यक छ ।

- सेना र माओवादीबाट मानवबस्तीलाई तारो बनाएर आक्रमण गरिएको र अधिकांश घरहरूलाई क्षतिग्रस्त बनाइएका कारण गैरसैनिक नागरिकका क्षति भएका घर, मारिएका जनावार र नष्ट भएको भौतिक सम्पत्तिको आँकडाका आधारमा पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराइनु पर्दछ । यस प्रयोजनका लागि निष्पक्ष न्यायिक व्यक्ति र नागरिक समाजका प्रतिनिधि सम्मिलित अधिकार सम्पन्न छानबिन टोली गठन गरिनु पर्दछ । छानविन टोलीको विश्वसनीय प्रतिवेदनका आधारमा दोषी ठहरिएका व्यक्तिलाई मानवअधिकार र अन्तराष्ट्रिय मानवीय कानुन अनुसार कारबाहीको भागिदार बनाउनु पर्दछ ।

- सेनाद्वारा मारिएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने र तिनका परिवारलाई रोजगारीको व्यवस्था गरिनु पर्दछ ।

- उल्लेखित घटनामा राज्यसँग युद्धरत माओवादीहरुले विद्यालय वा सर्वसाधारणको घरलाई आक्रमणबाट बच्न प्रयोग गरेर मानवीय कानुनको ठाडो उल्लंघन गरेको पाइयो । त्यसकारण विद्यालयमा गरिएको आक्रमणबाट भएको क्षति अनुसार विद्यालयलाई उचित क्षतिपूर्ति दिने र जुनसुकै बहानामा पनि युद्धरत पक्षले आगामी दिनमा विद्यालयलाई आक्रमण र प्रतिआक्रमणको तारो नबनाउने सार्वजनिक प्रतिवद्धता जनाउनु पर्दछ ।

# तस्वीरहरु





बस्ती नजिक हेलिकोप्टरबाट बम फाल्दा भएको खाल्डो





बस्ती नजिक हेलिकोप्टरबाट बम फाल्दा भएको खाल्डो



चिहानडाँडास्थित सर्वसाधारण राखिएको बंकर



चित्रभञ्ज्याङको सैनिक बेस क्याम्प



माओवादीको कपडा जलाइएको स्थान



हेलिकोप्टरले उडाएको सर्वसाधारणको घरको छानो